# सैनामैना नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

☎ +९७७-७१-४४०५५३

E-mail: sainamainamunicipality@gmail.com


प.सं. :

च. नं.:

मिति :- २०७५।०६।१९

# सहकारी संघ संस्थालाई लेखापरीक्षण तथा मासिक प्रगति विवरण पठाउने सम्बन्धी अत्यन्त जरूरी सूचना

सहकारी ऐन, २०७४ को दफा ३८ बमोजिम सहकारी संस्थाहरुको लेखापरीक्षण गर्न साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तथा अन्य सेवा सुविधा समेत तोक्ने व्यवस्था भएको हुँदा आ.व. २०७४/७५ को लेखापरीक्षण सोही ऐनको दफा ७५ बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र (असोज मसान्तभित्र) गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । लेखापरीक्षक नियुक्ति पश्चात सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५ को दफा ३ को उपदफा (१) बमोजिम अनुसूची-१ मा उल्लेखित ढाँचामा सोको जानकारी ३ दिनभित्र यस कार्यालयमा पठाउनु हुन र सोही निर्देशिकाको उपदफा (३) बमोजिमका कागजातहरु समेत संलग्न गर्नुहुन जानकारी गराइन्छ । साथै मासिक प्रगति विवरण यस कार्यालयको इमेल ठेगाना sainamainamunicipality@gmail.com वा अन्य माध्यमबाट प्रत्येक महिनाको ७ गतेभित्र अनिवार्य रुपमा पठाउनुहुन र अन्य जानकारीको लागि ०७१-४४०५५३ मा सम्पर्क गर्न सकिने छ ।

मणिराज पौडेल

शाखा अधिकृत